# नेपाल स्टक एक्सचेन्ज लिमिटेड
(नेपाल सरकारको स्वामित्व भएको)
# Nepal Stock Exchange Limited
(An undertaking of Govt. of Nepal)

पत्र संख्या :
चलानी नं. :

## प्रेस विज्ञप्ति

दोस्रो बजार कारोबारमा आम जनताको सहभागितालाई प्रोत्साहन गर्न नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से)ले पूर्ण स्वचालित अनलाइन कारोबार प्रणाली (नट्स) सञ्चालनमा ल्याएको एक वर्ष पुरा भएको छ।

इन्टरनेटको माध्यमबाट संसारको जुनसुकै ठाउँवाट प्रणालीमा प्रवेश गरी धितोपत्रहरुको खरिद बिक्रि आदेश प्रविष्ट गरी वास्तविक समयमा कारोबार गर्न सकिने प्रणाली लाई अनलाइन कारोबार प्रणाली भनिएको सर्वविदितै छ। सोही अनुसार नट्स मार्फत स्वदेश तथा विदेशबाट लगानीकर्ताहरुले कारोबारमा सहभागिता जनाइरहनु भएको छ। नट्स सञ्चालनमा आएपछिको कारोबार विवरणलाई तल तालिकामा प्रस्तुत गरिएको छ।

| मिति २०७५/७/२० देखि २०७६/७/१९ सम्म भएको कारोबार विवरण | |
|---|---|
| अनलाइन कारोबा गर्ने लगानीकर्ता संख्या | १६२३४ |
| जम्मा कारोबार रकम | १ खर्ब ०६ अर्ब ०९ करोड ३४ लाख १८ हजार रुपैयाँ |
| कारोबार सेयर संख्या | ३७ करोड १२ लाख ५७ हजार ९ सय ८८ |
| जम्मा कारोबार संख्या | १५ लाख २४ हजार १४ |
| सय करोड भन्दा बढी कारोबार भएका दिन | १२ |
| दुई सय करोड भन्दा बढी कारोबार भएका दिन | १ |
| १० हजार भन्दा बढी कारोबार संख्या भएको दिन | २३ |
| २० हजार भन्दा बढी कारोबार संख्या भएको दिन | १ |
| सबैभन्दा बढी कारोबार संख्या | २९४९६ |
| जम्मा कारोबार दिन | २४२ |
| अनलाइन कारोबार रकम | १६ अर्ब ५४ करोड ८२ लाख ९ हजार रुपैयाँ |

पो. ब. नं. १५५०, युएनआई शान्ति मार्ग, भद्रकाली काठमाडौं, नेपाल।
**P. O. Box 1550, UNI Shantimarga, Bhadrakali, Kathmandu, Nepal.**
**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**
**email : info@nepalstock.com**

नेपाल स्टक एक्सचेन्ज लिमिटेड
(नेपाल सरकारको स्वामित्व भएको)
Nepal Stock Exchange Limited
(An undertaking of Govt. of Nepal)

पत्र संख्या :
चलानी नं. :

| | |
|---|---|
| अनलाइन कारोबार सेयर संख्या | ५ करोड ८७ लाख २१ हजार ६ सय ४९ |
| उच्च कारोबार रकम | २० करोड रुपैयाँ |
| अनलाइन कारोबार संख्या | ३१३१९७ |

माननीय अर्थमन्त्री डा. युवराज खतिवडाज्यूले मिति २०७५ कार्तिक २० गते नेप्से अनलाइन कारोबार प्रणालीको समुदघाटन गर्नु भएको थियो । सोहि दिनदेखि नेप्से कारोबार प्रणाली (NOTS) औपचारिक रुपमा सञ्चालनमा छ । सुरुमा नेप्सेको प्रणाली सिडिएसएन्ड क्लियरिङ लिमिटेड तथा ४ क्लियरिङ बैंकको प्रणालीसँग एकिकृत थियो । तत्पश्चात नट्सलाई नेपाल क्लियरिङ हाउस लिमिटेड (NCHL) को प्रणालीमा आवद्ध गराई NCHL का सदस्य अन्य बैंक तथा वित्तीय संस्थामार्फत अनलाइन रकम हस्तान्तरणको व्यवस्था मिलाइएको छ । यस अनुसार NCHL मा आवद्ध ७५ भन्दा बढी बैंक तथा वित्तीय संस्थामार्फत कारोबार सम्बन्धी रकम भुक्तानी गर्न/गराउन सकिन्छ ।

लगानीकर्ताको सुविधाका लागि हामीले हाम्रो website मा user manual तथा भिडियो पनि राखेका छौं । अनलाइन कारोबार गर्ने सम्बन्धमा हामीले तयार पारेको भिडियो नेप्सेको आफ्नै वेभसाइट, युट्युब च्यानल र विभिन्न न्युज अलनाइनहरुमा उपलब्ध छ ।

स्वदेश तथा विदेशबाट अनलाइन प्रणालीमार्फत कारोबार गरिरहनुभएको लगानीकर्ता, सदस्य दलाल, नियमक निकाय, अर्थ मन्त्रालयबाट प्राप्त रचनात्मक सुझाव, सहयोग तथा समर्थनले हामीलाई अनलाइन प्रणालीलाई थप परिष्कृत गर्दै लैजान मद्दत पुग्ने अपेक्षा हामीले गरेका छौं ।

नट्स सञ्चालनको सुरुआती दिनमा डाटा डिस्प्ले, लगानीकर्ताको Unique Client Code (UCC) generation, पुरानो लगानीकर्ताको KYC update, DNA login, नयाँ सूचीकरण भएको कम्पनीको पहिलो दिनको कारोबारमा केही समस्याहरु देखा परेकोमा ती समस्यालाई नेप्सेले

पो. ब. नं. १५५०, युएनआई शान्ति मार्ग, भद्रकाली काठमाडौं, नेपाल ।
P. O. Box 1550, UNI Shantimarga, Bhadrakali, Kathmandu, Nepal.
Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538
email : info@nepalstock.com

# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An undertaking of Govt. of Nepal)


पत्र संख्या :

चलानी नं. :

तत्काल निराकरण गरेको थियो । स्वदेश तथा विदेशमा रहनु भएका प्रयोगकर्ताहरुबाट नट्स सम्बन्धमा सकारात्मक प्रतिक्रिया प्राप्त भइरहेको छ ।

दोस्रो बजार कारोबार विकासका सम्बन्धमा नेप्से अनलाईन प्रणाली एक कोसेढुंगो भएको दोहोर्‍याउन चाहन्छौं । यसको सम्बर्द्धनबाट लगानीकर्ता, बजार सञ्चालक, बजार सहभागी, नियमक निकाय तथा समग्र पुंजी बजारको हित हुने हाम्रो विश्वास छ । दोस्रो बजारमा कारोबार गरिरहेका वा गर्न ईच्छुक लगानीकर्तालाई सदस्य दलालमार्फत usermae तथा password लिई अनलाइन प्रणालीमा सहभागी हुन नेप्से अनुरोध गर्दछ । सदस्य दलालमार्फत usermae तथा password नि:शुल्क उपलब्ध हुन्छ । यसै सन्दर्भमा दोस्रो बजारमा अनलाइन वा अफलाईन (सदस्य दलालमार्फत) जुनसुकै माध्यमबाट कारोबार गर्दा खरिदकर्ताले खरिद रकमको २५ प्रतिशत रकम सदस्य दलाललाई अग्रिम भुक्तानी गर्नुपर्ने कानुनी व्यवस्था रहेको हुनाले बजारमा चर्चा गरिएको जस्तो अनलाईन मार्फत कारोबार गर्दा खरिदकर्ताले मात्र २५ प्रतिशत अग्रिम भुक्तानी गर्नुपर्ने कुरामा सत्यता नरहेको जानकारी गराउन चाहन्छौं । अनलाईन कारोबारमा संलग्न प्रयोगकर्ताहरु बाट प्राप्त रचनात्मक सुझावलाई निरन्तर रुपमा समावेश गर्दै लैजाने प्रतिवद्धता समेत नेप्से जाहेर गर्दछ ।

मिति : २०७६/०७/२१

मुराहरि पराजुली

प्रवक्ता


पो. ब. नं. १५५०, युएनआई शान्ति मार्ग, भद्रकाली काठमाडौं, नेपाल ।

P. O. Box 1550, UNI Shantimarga, Bhadrakali, Kathmandu, Nepal.

Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538

email : info@nepalstock.com